सरुमारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

प.सः २०८०।०८१
च.न. १५६

मितिः२०८०।५।५

श्री वडा कार्यालयहरु सबै ।
श्री बिषयगत शाखाहरु सबै ।
सरुमारानी गाउँपालिका, प्यूठन ।

**बिषयः निर्णय प्रतिलिपि पठाईएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस सरुमारानी गाउँकार्यपालिकाका मिति २०८०।४।२९ गते र २०८०।५।१ गतेका बैठकहरुका निर्णय प्रतिलिपिहरु आवश्यक जानकारी एवं कार्यान्वयनका लागि यसै पत्र साथ संलग्न राखी पठाईएको ब्यहोरा अनुरोध छ ।

..........................
(देविराम पाठक)
प्रमुख प्रशासकीय अधिकृत

*website:www.sarumaranimun.gov.np, Email:sarumarani2073@gmail.com* *9857836022*

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

भग्ग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

<u>मिति २०८०।४।२९ गतेका गाउँकार्यपालिकाको चैविसौ बैठकका प्रस्तावहरु</u>

१. प्यारागलाईडिङ्ग/र्याफ्टीङ्ग परीक्षण अनुमति सम्बन्धमा ।

२. ढुंगा गिट्टिवालुवा निकासी गर्ने घाट तोक्ने र IEE गर्ने सम्बन्धमा ।

३. प्रधानमन्त्री रोजगार कार्यक्रमका योजना छनौट सम्बन्धमा ।

४. रिक्त स्थायी दरबन्दीमा पदपूर्तीको लागि लोकसेवा आयोगमा माग गर्ने सम्बन्धमा ।

५. हमाल विल्डर्ससंगको खरिद संझौता अन्त्य तथा कारवाही सम्बन्धमा ।

६. वन प्राविधिकको विज्ञापन अनुमोदन सम्बन्धमा ।

७. विविध सम्बन्धमा ।

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

भग्ग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

रम्भारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

बैठक संख्या-२४

गाउँकार्यपालिकाको चौविसौ बैठकका निर्णयहरु-२०८०।०४।२९ गते

**निर्णय नं. १. प्याराग्लाईडिङ्ग र र्यफ्टिङ्ग परीक्षण अनुमति माग सम्बन्धमा ।**

प्रस्ताव न. १ माथि छलफल गर्दा यस गाउँपालिकाको सिद्दलेख र सरुमारानी डाडामा प्याराग्लाईडिङ्ग नमूना परिक्षण अनुमतिको लागि नेपाल नागरिक उड्डयन प्राधिकरण, बबरमहल र हनुमान प्याराग्लाईडिङ्ग प्रा.लि पोखरा र राप्ती नदिमा र्यफ्टिङ्ग नमूना परीक्षण अनुमतिको लागि र्यपिड रनर एक्सपिडिसन प्रा.लि. पोखरालाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. २. ढुंगा गिट्टी र वालुवा निकासी गर्ने घाट तोक्ने र IEE गर्ने सम्बन्धमा ।**

प्रस्ताव न. २ माथि छलफल गर्दा यस गाउँपालिका अन्तरगत माडी खोलाक्षेत्रका कुडुले, पनाहा, नौघाट र दोमही घाटबाट ढुंगा गिट्टी र वालुवा निकासीको लागी घाट तोक्ने र IEE गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३. प्रधानमन्त्री रोजगार कार्यक्रमका योजना छनौट सम्बन्धमा ।**

प्रस्ताव न. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको चालू आ.ब. २०८०।०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत नेपाल सरकार अनुदान को रु. २३,८०,०००/- र पहल परियोजना तर्फ रु.२३,८४,०००/- गरी कूल जम्मा रु. ४७,६४,०००/- बजेटबाट तपशिलका योजनाहरु छनौट गर्ने निर्णय गरियो ।

तपिशल

| क्र.स. | योजनाहरुको नाम | ठेगना | कैफियत |
|---|---|---|---|
| १ | धाद्र सिचाई योजना निर्माण | वडा नं.१ झिलिवाङ्ग | |
| २ | बोदनेखोला-खोलापारी सिचाई कुलो निर्माण | वडा नं.१ | |
| ३ | चौकी-ढाण मो.बा.मर्मत | वडा न. २ | |
| ४ | स्वर्गद्धारीगेट-ददेरीखोला मो.बा. मर्मत | वडा न. २ | |
| ५ | ओदाले पक्कीकुलो निर्माण योजना | वडान. ३ सुजिनपुर | |
| ६ | बड्डाडा-ऐरावती सडक तथा नाली मर्मत | वडा न. ३ हंशपुर | |
| ७ | बड्डाडा बजार टुडिखेल मैदान निर्माण | वडा न.४ | |
| ८ | धनकोट-बड्डाडा मो.बा. स्तरउन्नोती | वडा न. ४ | |

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

देविराज ... प्रमुख प्रशासकीय अधिकृत
श्रमरानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बरडाँडा प्युठान लुम्बिनी प्रदेश, नेपाल २०७३
भ्रग बहादुर विश्वकर्मा गा.पा. अध्यक्ष

| | | | |
|---|---|---|---|
| ९ | जसपुर बुढिचौर गोरेटो बाटो | वड न. ५ | |
| १० | डुमिखर्क घोरेटो बाटो | वड न. ५ | |
| ११ | श्री श्रमरानी मा.वि. भवन निर्माण | वडा न. ६ | |
| १२ | प्रगतिशिल बालविकास केन्द्र टाकुरा पर्खाल निर्माण | वडा न. ६ | |

**निर्णय नं. ५. रिक्त स्थायी दरबन्दीमा पदपूर्ती माग गर्ने सम्बन्धमा ।**

प्रस्ताव न. ५ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत स्वीकृत स्थायी दरवन्दीमा रिक्त रहेका तपशिलका दरबन्दीहरु स्थायी पदपूर्तिको लागि लुम्विनी प्रदेश लोकसेवा आयोगमा माग गर्ने निर्णय गरियो ।

तपशिल

| सि.न | पद | तह/श्रेणी | समूह/सेवा | जम्मा स्वीकृत दरवन्दी संख्या | माग गरिएको संख्या |
|---|---|---|---|---|---|
| क | **प्रशासनिक कार्यालय तर्फ** | | | | |
| १ | आन्तरिक लेखा परीक्षक | सहायक स्तर पाचौ | लेखा | १ | १ |
| २ | प्राविधिक सहायक ( शिक्षा) | सहायक स्तर पाचौ | शिक्षा प्रशासन | १ | गत विगत वर्ष माग गरिएको |
| ३ | स.महिला विकास निरीक्षक | सहायक स्तर चौथो | विविध | १ | गत विगत वर्ष माग गरिएको |
| ख | **बडा कार्यालय तर्फ** | | | | |
| १ | सहायक | सहायक स्तर चौथो | प्रशासन सा.प्र. | ४ | **२ वटा** गत विगत वर्ष माग गरिएको |
| ग) | **कृषि सेवा केन्द्र तर्फ** | | | | |
| १ | सहायक | सहायक स्तर पाचौ | कृषि सेवा | २ | गत विगत वर्ष माग गरिएको |
| २ | सहायक | सहायक स्तर चौथो | कृषि सेवा | १ | माग गरिएको |
| घ) | **पशु सेवा केन्द्र तर्फ** | | | | |
| १ | अधिकृत | अधिकृत सातौ/**आठौं** | कृषि सेवा (भेट) | १ | १ |
| ३ | सहायक | सहायक स्तर पाचौ | कृषि सेवा ( लापोडेडे) | २ | १ |

देविराज पाठक प्रमुख प्रशासकीय अधिकृत
भ्रग बहादुर विश्वकर्मा गा.पा. अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | सहायक | सहायक स्तर चौथो | कृषि सेवा ( भेट) | २ | १ |
| ५ | सहायक | सहायक स्तर चौथो | कृषि सेवा ( लापोडेडे) | २ | २ |
| ङ.) | स्वास्थ्य संस्था तर्फ | | | | |
| १ | अधिकृत | अधिकृत छैठी/पाचौ तह | स्वा./ क.न.. | १ | १ |
| २ | सहायक | सहायक स्तर पाचौ | स्वा./हे.ई. | ३ | ३ |
| ३ | सहायक | सहायक स्तर पाचौ | स्वा./ क.न.. | ३ | १ |
| ४ | सहायक | सहायक स्तर चौथो | स्वा./हे.ई. | ३ | १ |
| ४ | सहायक | सहायक स्तर चौथो | स्वा./क.न. | ३ | १ |

**निर्णय नं.६. हमाल विल्डर्ससंगको खरिद संझौता अन्त्य तथा कारवाही सम्बन्धमा ।**

प्रस्ताव न. ६ माथि छलफल गर्दा यस गाउँपालिका बड्डाडा उपल्लो खुट्टी तिराम सडक नयाँट्याक निर्माण कार्य सम्बन्धि ठेक्का न. 02/SRM/NCB/078/079 को बाट हमाल विल्डर्स वैजनाथ गाउँपालिका बाकेसंग मिति २०७८।०९।१६ गते भएको ठेक्का संझौता अनुसार २०७८ चैत्र ३० गते सम्मपन्न गर्नु पर्ने रहेकोमा प्रथम रनिङ्ग विल भुक्तानी लिए पश्चात योजना अलपत्र पारी फरार रहेको, पटक पटक ताकेता, पुन ताकेता तथा टेलीफोन सम्पर्क गर्दा सम्पर्कमा नआएको हुदाँ सार्वजनिक खरिद ऐन, २०६३ को दफा-५९ को उपदफा-७ बमोजिम खरिद सौंझता अन्त गरि उपदफा-८ बमोजिम कार्यसम्पादन जमानत जफत गरी कानुन बमोजिम कार्वाही प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ७ वन प्राविधिकको विज्ञापन अनुमोदन सम्बन्धमा ।**

प्रस्ताव न. ७ माथि छलफल गर्दा यस गाउँपालिकाबाट समृद्धिका लागी वन कार्यक्रम कार्यान्वयनको लगि मिति २०८०।४।१७ गते प्रकाशित वन प्राविधिक (अधिकृत स्तर छैठौं तहको ) पदको विज्ञापन सूचनालाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८. विविध सम्बन्धमा ।**

उपरोक्त निर्णयहरु सर्वसम्मति गरी आगामी बैठक २०८० भाद्र १ गते बस्ने गरी सौहार्दपूर्ण वातावरणमा समापन गरियो

प्रमाणिकरण मिति २०८०।०४।३० गते

गर्दरानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

## मिति २०८०।०५।०१ गते गाउँकार्यपालिकाको पच्चिसौ बैठकका प्रस्तावहरु

१. उपभोक्ता समितिहरु गठन सम्वन्धमा ।
२. तेश्रो सार्वजनिक सुनुवाई सम्वन्धमा ।
३. वडा स्तरमा वार्षिक समीक्षा सम्वन्धमा ।
४. राष्ट्रिय परिचयपत्र वितरणको प्रगती तथा खर्च रकम सम्वन्धमा ।
५. भू-उपयोग/वन योजना सम्वन्धमा ।
६. सडक मर्मत सम्वन्धमा ।
७. दररेट स्वीकृत सम्वन्धमा ।
८. दर्भान सामुदायिक स्वास्थ्य ईकाईको दरवन्दी स्वीकृत सम्वन्धमा ।
९. सुकुम्बासीहरुको विवरण वडा स्तरमा सार्वजनिक गर्ने सम्वन्धमा ।
१०. गतबर्षका विपदमा परेका घरपरिवारलाई साझेदारी रकम जम्मा गर्ने सम्वन्धमा
११. आर्थिक सहायता सम्वन्धमा ।
१२. विविध सम्वन्धमा ।

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

## बैठक संख्या-२५

## गाउँकार्यपालिकाको पच्चिसौ बैठकका निर्णयहरु-२०८०।०५।०१ गते

**निर्णय नं. १. उपभोक्ता समितिहरु गठन सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिकाको चालू आ.व.२०८०।०८१ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत पूर्वाधारजन्य योजनाहरु कार्यान्वयनको लागि २०८० भाद्र मसान्त भित्र उपभोक्ता समितिहरु गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २. तेश्रो सार्वजनिक सुनुवाई सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिकाको आ.व. २०७९।०८० को तेश्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम २०८० भाद्र १२ गते गर्ने र सो सार्वजनिक सुनुवाई कार्यक्रमको सहजीकरण तथा ब्यबस्थापनको जिम्मा स्काईल्याण्ड मल्टिमिडिया प्रा.लि. प्यूठान न.पा. ४ को संस्थालाई दिने निर्णय गरियो।

**निर्णय नं. ३. वडा स्तरमा बार्षिक समीक्षा सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिकाले आ.ब. २०७९।०८० मा वडा स्तरमा संचालन गरेका विकास गतिविधि र सेवा प्रवाहको विषयमा बार्षिक समिक्षा कार्यक्रम २०८० भाद्र २० गते भित्र सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४. राष्ट्रिय परिचयपत्र वितरणको प्रगती तथा खर्च रकम सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिकाको समन्वय र सहजिकरण तथा जिल्ला प्रशासन कार्यालयको आयोजना तथा प्राविधिक सहयोगमा २०८० श्रावण ७ गते देखि २४ गते सम्म वडा स्तरमा संचालन भएको राष्ट्रिय परिचयपत्र दर्ता शिविर/घुम्तीसेवामा राष्ट्रिय परिचयपत्र वितरणको प्रगति तथा खर्च रकम तपशिल बमोजिम रहेको छ । उक्त कार्यक्रम संचालन गर्दा भएको खर्च रकम गाउँपालिकाबाट भुक्तानी गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | वडा नं. | राष्ट्रिय परिचयपत्र वितरण संख्या | खर्च रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | १ | १५६२ | २९३०० | |
| २ | २ | १५६९ | ३३००० | |
| ३ | ३ | १४३२ | २८३८० | |
| ४ | ४ | १५४७ | ३३००० | |
| ५ | ५ | १२६७ | ३३००० | |
| ६ | ६ | ११९६ | ३०००० | |
| | जम्मा | ८५७६ | १८६६८० | |

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झक्क बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

**निर्णय नं. ५. भू-उपयोग/वन योजना सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिकाले भु-उपयोग योजना बनाउने सम्बन्धी कार्यको जग्गा वर्गिकरणको काम सम्पन्न गरेकोले त्यस पछिका कामहरु प्राविधिक काम भएकोले सो भू-उपयोग योजना निर्माणको लागि प्राविधिक सहयोग/परामर्शदाता सहयोग रेड कार्यान्वयन केन्द्र/समद्धिको लगि वन परियोजनालाई अनुरोध गर्ने, साथै यस गाउँपालिका प्यूठान जिल्लाका अन्य गाउँपालिका भन्दा धेरै वन क्षेत्र भएको र वन गुरु योजना निर्माण गरेर मात्र विकास कार्य गर्दा वन संरक्षण गर्न सहयोग पुग्ने भएकोले यस गाउँपालिकाको चालू आ.ब को स्वीकृत समृद्धिको लागि वन कार्यक्रमको बजेटबाट रकम नपुग हुने भएकोले रेड कार्यान्वयन केन्द्र/समृद्धिको लागि वन परियोजनालाई थप आर्थिक तथा प्राविधक सहयोगको लगी अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६. सडक मर्मत सम्बन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस बर्षको वर्षादले यस सरुमारानी गाउँपालिका भित्रका विभिन्न सडकहरु बिग्रन गई यातायातसेवा नियमित गर्न कठिनाई भएकोले तपशिल बमोजिमका सडकहरुको मर्मत संभारका लागि तपशिल बमोजिमको रकम मर्मत संभार शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो

तपशिल

| क्र.स. | योजनाको नाम | ठेगना | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १ | दर्भान झिलिवाङ्ग मो.बा.मर्मत | वडा न. १ | ३०००० | |
| २ | औलेनी आटिटार बोदनेखोला मर्मत | वडा न. १ | २०००० | |
| ३ | घुम्ती भुल्के भोम्पाली मो.बा. मर्मत | वडा न. २ | ३ घण्टा | |
| ४ | स्वर्गद्धारीगेट गनाहा मो.बा. मर्मत | वडा न. २ | २०००० | |
| ५ | पालुथान नौघाट मो.बा. मर्मत | वडा न. ३ | ८ घण्टा | |
| ६ | हंशपुर-दोमही मो.बा. मर्मत | वड न. ३ | ८ घण्टा | |
| ७ | बड्डाडा धनकोट मो.बा. मर्मत | वडा न. ४ | ४ घण्टा | |
| ८ | आधारभुत स्वास्थ्यसेवा केन्द्र जाने मो.बा. मर्मत | वडा न. ४ | २ घण्टा | |
| ९ | गढि ढाव मो.बा.मर्मत | वडा न. ४ | ४ घण्टा | |
| १० | विभिन्न सडक मर्मत संभार | वडा न. ५ | ५०००० | |
| ११ | विभिन्न सडक मर्मत संभार | वडा न. ६ | ५०००० | |

**निर्णय नं. ७. दररेट स्वीकृत सम्बन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा-१३ अनुसार यस सरुमारानी गाउँपालिकाको चालु आ.ब. २०८०/०८१ को लागि निर्माण कार्य तथा अन्यसेवा प्रयोजनका लागि यस गाउँपालिका अन्तरगत गठित पुर्वाधार विकास समितिको मिति २०८०।४।३१ को बैठकको सिफारिस अनुसार गाउँपालिका स्तरीय दररेटलाई स्विकृति प्रदान गर्ने निर्णय गरियो ।



देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झक्क बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग्गा बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

**निर्णय नं. ८. दर्भान सामुदायिक स्वास्थ्य ईकाईको दरबन्दी स्वीकृत सम्बन्धमा ।**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस गाउँपालिकाको चालू आ.ब. २०८०।०८१ स्वीकृत वार्षिक बजेट नीति तथा कार्यक्रम अनुसार वडा नं. २ स्थित दर्भानमा सामुदायिक स्वास्थ्य ईकाई स्थापना गर्ने र उक्त स्वास्थ्य ईकाईमा सहायक स्तर चौथो तहको अ.हे.व./स्वास्थ्य हे.ईको १ पद र श्रेणीविहिन तहको कार्यालय सहयोगी १ पद रहेको दरवन्दी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९. सुकुम्बासीहरुको विवरण वडा स्तरमा सार्वजनिक गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा राष्ट्रिय भूमि आयोग अन्तरगत संकलित भूमिहीन दलित (३२), भूमिहिन सुकुम्वासी (४६) र अव्यवस्थित (३६२) परिवारहरुको अनलाईन सफ्टवयरमा तथ्याङ्क/विवरणहरु ईन्ट्री गर्ने काम सम्पन्न भएकोले उक्त तथ्याङ्क/विवरणहरुलाई वडाकार्यालयमा सूचना मार्फत सार्वजनिक गरी राय सुझाव तथा गुनासोहरु संकलन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०. विपदमा परेका घरपरिवारलाई साझेदारी रकम जम्मा गर्ने सम्वन्धमा ।**

प्रस्ताव नं. १० माथि छलफल गर्दा जिल्ला प्रशासन कार्यालयको च.न.४०८४ मिति २०८०।३।२४ को पत्र अनुसार गत बर्ष मिति २०७९/६/१९ गते देखी परेको अविरल वर्षादको कारण यस गाउँपालिका क्षेत्रभित्र पूर्ण क्षति भई विस्थापित भएका तपशिलका घरपरिवारहरुलाई पहिलो चरणमा मनसुनजन्य विपद प्रभावित निजि आवास पुर्निर्माण तथा पुस्र्थापना अनुदान कार्यविधि, २०७७ को परिच्छेद-३ वमोजिम यस गाउँपालिकावाट व्यहोर्नु पर्ने १० प्रतिशत रकम जिल्ला प्रशासन कार्यालय, प्यूठानको तोकिएको बैंक खातामा जम्मा गर्ने निर्णय गरियो ।

तपशिल

| सि.न. | क्षतिको विवरण/घर भवन/घरमुलिको नाम | वडा न. र बस्ति | क्षतिको प्रकार | १० प्रतिशत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | चिन्त बहादुर दर्लामी | वडा न-२ गनाहा | पूर्ण क्षती | ४०००० | |
| २ | डिल बहादुर दर्लामी | वडा न-२ गनाहा | पूर्ण क्षती | ४०००० | |
| ३ | भुमि सुनार सुकुम्वासी | वडा न-२ गनाहा | पूर्ण क्षती | ४०००० | |
| ४ | पुर्ण वहादुर दर्लामी मगर/ श्रीमति सन्ति दर्लामी | वडा न-२ गनाहा | पूर्ण क्षती | ४०००० | |
| ५ | चुडामणि दर्लामी मगर | वडा न-२ गनाहा | पूर्ण क्षती | ४०००० | |
| ६ | ओम वहादुर दर्लामी/ श्रीमती-चनिदेवी दर्लामी | वडा न. ५ पाखापानी | पूर्ण क्षती | ४०००० | |
| ७ | चुमा कुमारी दर्लामी मगर | वडा न. ५ पाखापानी | पूर्ण क्षती | ४०००० | |
| ८ | श्यामलाल दर्लामी | वडा न. ५ पाखापानी | पूर्ण क्षती | ४०००० | |
| ९ | द्रोण बहादुर कामी | वडा न. ५ विरिङ्गकोट | पूर्ण क्षती | ४०००० | |
| १० | गम बहादुर सोमै | वडा न. ५ राङ्गवाङ्ग | पूर्ण क्षती | ४०००० | |
| ११ | टोप बहादुर सार्की/ सासु-सुकिदेवि सार्की | वडा न. ५ दुविचौर | पूर्ण क्षती | ४०००० | |
| १२ | खड्क बहादुर पुन | वडा न. ६ बुढिचौर | पूर्ण क्षती | ४०००० | |
| १३ | मोहन बहादुर पुन | वडा न. ६ बुढिचौर | पूर्ण क्षती | ४०००० | |



देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग्गा बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

सरुमारानी गाउँपालिका गाउँपालिकाको कार्यालय बुढाडाँडा प्यूठान लुम्बिनी प्रदेश, नेपाल २०७३

देविराम पाठक प्रमुख प्रशासकीय अधिकृत

खग बहादुर चिदरकार्की गा.पा. अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | रुम बहादुर पुन | वडा न. ६ बुढिचौर | पूर्ण क्षती | ४०००० | |
| १५ | हस्त बहादुर बुढा | वडा न. ६ भिगुखोला/टुनी खोला | पूर्ण क्षती | ४०००० | |
| १६ | अमर कुमार गुरुङ्ग | गनाहा | पूर्ण क्षती | ४०००० | सामुदायिक वनको भवन |
| | जम्मा | | | ६४०००० | |

**निर्णय नं. ११. आर्थिक सहायता सम्बन्धमा ।**

सरुमारानी गाउँपालिका वडा न.३ निवासी भिमलाल घर्तिमगरको मिति २०८०।४।९ गते अविरल वर्षादको कारण घर भत्किन गएकोले राहात स्वरुप रु.२५०००/- आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १२. विविध सम्बन्धमा ।**

- **वडा न. ६ को वडा कार्यालयको घरभाडा सम्बन्धमा ।**
  यस गाउँपालिका वडा न. ६ को वडा कार्यालय संचालनको लागि प्रतिकोठा रु.१५००/-(कर वाहेक) घरधनीले पाउने गरी घरभाडा संझौता गर्ने निर्णय गरियो ।

- **गरिवी निवारण कोष र सामुदायिक विकास कोषको समूहमा भएको रकम सम्बन्धमा ।**
  स्थानीय तह घोषणा हुनु भन्दा पहिले देखि यस गाउँपालिका कार्यक्षेत्र राखी संचालन भएका गरिवी निवारण कोष र सामुदायिक विकास कोषको विभिन्न समूहमा भएको रकमलाई व्यवस्थित रुपमा संचालन गर्नका लागि हाललाई सम्बन्धित समूहहरुसंग वडा स्तरमा छलफल/अन्तरक्रियाको माध्यामबाट रायसुझाव संकलन गर्ने निर्णय गरियो ।
- आ.व. २०८०।०८१ मा गरिने सार्वजनिक खरिदको मौजुदा सूचीदर्ता दस्तुर रु.७५० निर्धारण गर्ने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मति गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो

प्रमाणिकरण मिति २०८०।५।६



देविराम पाठक प्रमुख प्रशासकीय अधिकृत

खग बहादुर चिदरकार्की गा.पा. अध्यक्ष